# नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७७

प्रमाणीकरण र प्रकाशन मिति

२०७७/०६/१२

**प्रस्तावनाः** नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसदको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७७" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा ४ मा संशोधन** : नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा ४ को उपदफा (१) को खण्ड (ग) झिकिएको छ ।

३. **मूल ऐनको दफा ८ मा संशोधन** : मूल ऐनको दफा ८ को उपदफा (१) को खण्ड (झ) मा रहेका "व्यवस्थापन गर्ने र" भन्ने शब्दहरु झिकिएका छन्।

४. **मूल ऐनमा दफा १०क. थप** : मूल ऐनको दफा १० पछि देहायको दफा १०क. थपिएको छ :-

"**१०क. नेपाल प्रहरीले कार्य गर्नेः** (१) दफा ८ र ९ मा जुनसुकै कुरा लेखिएको भए तापनि काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा प्रदेश प्रहरीको काम, कर्तब्य र अधिकारको प्रयोग तथा प्रदेश प्रहरीले अनुसन्धान गर्ने कसूरको अनुसन्धान समेत नेपाल प्रहरीले गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि तथा नेपाल प्रहरीबाट सम्पादन हुने कामको लागि काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा नेपाल प्रहरी अन्तर्गतका प्रहरी कार्यालय रहनेछन् ।"